# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार


# सहकारीबाट समन्यायिक र समावेशी विकास सम्भव

(गभर्नर डा. खतिवडा साना किसान विकास बैंकको वार्षिकोत्सवमा)

साना किसान विकास बैंकको १२ औं वार्षिकोत्सव असार २२ गते सम्पन्न भयो । सो उपलक्ष्यमा आयोजित कार्यक्रमलाई गभर्नर डा. युवराज खतिवडाले प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै दुई तिहाइ साना किसानको जीवनस्तर सुधार नभई परिवर्तनको प्रत्यक्ष अनुभूति हुन नसक्ने बताउनुभयो । सहकारीबाट नै समन्यायिक र समावेशी विकास सम्भव हुने धारणा राख्दै दुई चारवटा सहकारीको कमजोरीलाई लिएर सिंगो सहकारी क्षेत्रलाई नजरअन्दाज गर्न नहुने कुरा उहाँले राख्नु भयो । कृषिजन्य वस्तुहरूको उत्पादन, प्रशोधन र बजारीकरणमा सानाकिसानको सहभागिता सहकारी मार्फत् मात्र हुन सक्ने उहाँले स्पष्ट पार्नुभयो । साना किसान विकास बैंकको गतिविधिबाट स्थानीय पुँजी निर्माण, कृषिजन्य र पशुजन्य तथा फलफुल र तरकारी उत्पादनमा सुधार आएको भन्नुहुँदै उहाँले यस प्रकारको कार्यक्रमका लागि सरकार तथा अन्य कुनै पनि निकायबाट बैंकलाई साधनको अभाव हुन दिन नहुने उहाँको धारणा रहेको थियो ।

भौगोलिक एवम् सामाजिक रुपले बञ्चितीकरणमा परेका तथा चेतना एवम् स्रोत साधनका दृष्टिले तल्लो तहमा रहेका समुदायसम्म पुग्न बैंकलाई सुझाव दिँदै साना किसान विकास बैंकले गर्ने यस्ता कार्यमा राष्ट्र बैंकले सदा सहयोग गर्ने आश्वासन दिनुभयो । सहकारीको क्षमता विकासको आवश्यकता औंल्याउँदै उहाँले प्रविधिसँग परिचित भएमा नै त्यसबाट बजारको सूचना सहज रुपमा प्राप्त हुने र यसबाट विक्री वितरणमा उचित मूल्य प्राप्त हुने भई उत्पादनबाट फाइदा लिन सकिने उहाँले स्पष्ट पार्नुभयो । उहाँले समाजको तल्लो तहसम्म पुग्ने र प्रतिफलको प्रत्यक्ष अनुभूति हुने हुँदा स्थानीय तहमा कार्यरत सहकारी तथा सामुदायिक संस्थामार्फत् सहयोग गर्न दातृ निकायलाई सुझाव समेत दिनुभयो ।

कार्यक्रममा साना किसान विकास अभियानका विशिष्ट अग्रजहरुको सम्मान गर्नुका साथै छानिएका सहकारीहरूलाई ल्यापटप वितरण समेत गरिएको थियो ।

**गभर्नरको कार्यालय**

मिति २०७० असार २२ गते, शनिबार